नेपाल कम्युनिष्ट पार्टी (एमाले)
Communist Party of Nepal (UML)
केन्द्रीय कार्यालय / Central Office

८ फागुन २०८२

# प्रेस विज्ञप्ति

## देश जलाउनेले देश बनाउने पार्टीको झण्डा जलाए : एमाले

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का कार्यकर्ताले बिहीबार राति दाङ तुल्सीपुरमा नेकपा (एमाले)को चुनाव चिन्ह 'सूर्य' अंकित झण्डा जलाएको घट्नाप्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ । लाखौं जनतामा लोकप्रिय हाम्रो पार्टीको आस्थामा चोट पुऱ्याउने गरी 'सूर्य' चिन्ह अंकित झण्डामा आगो लगाउनेहरू उनै देश जलाउनेहरू हुन् भन्ने यो घट्नाले पुष्टि गरेको छ । र, यो अराजकता, उद्दण्डता र अपराधिक घट्नाको नेकपा (एमाले) घोर भर्त्सना गर्दछ ।

नेकपा (एमाले)का श्रद्धेय अध्यक्ष केपी शर्मा ओलीविरूद्ध अपाच्य शब्दहरूका नाराबाजीसहित महासचिव शंकर पोखरेलको गृहनगरमै रास्वपाका कार्यकर्ताले गरेको यो शैली राज्य, जनता, लोकतन्त्र र संविधानविरूद्धको अपराधजन्य कार्य हो । हाम्रो पार्टीले फागुन २१ को चुनाव 'देश जलाउने र बनाउने 'बीचको जनमत सङ्ग्रह हो भनिरहेकै बेला उनै देश जलाउनेहरूले देश बनाउने नारा अघि सारेको एमालेको आस्थाको पुञ्ज 'सूर्य' ध्वजावाहक झण्डा जलाएको घट्ना संयोग मात्रै होइन ।

देश जलाउनेहरूबाटै आज नेकपा (एमाले)को चुनाव चिन्ह 'सूर्य' अंकित झण्डा जलाउनु निर्वाचन आचारसंहिताको गम्भीर उल्लङ्घन हो । दलीय प्रतिस्पर्धाबाट श्रेष्ठता हासिल गर्नु लोकतन्त्रको सबैभन्दा सुन्दर पक्ष हो । प्रतिस्पर्धाकै लागि चुनावी माहोलमा होमिएको एउटा स्थापित राष्ट्रिय शक्ति एमालेको आस्थामा चोट पुऱ्याउने काम रास्वपाले भन्ने गरेको 'नयाँको मानक' बन्न सक्ला । तर यो लोकतन्त्रको परिधिभित्र पर्दैन । रास्वपाका कार्यकर्ताको यो हर्कत मुलुकलाई चरम अस्थिरताको चक्रव्यूहमा फसाउने र चुनावी द्वन्द्वलाई आमन्त्रण गरिएको एक उदाहरण हो ।

नेकपा (एमाले) अनुशासित पार्टी भएकाले यो घट्नाबाट उत्तेजित भएको छैन । यद्यपि हाम्रो संयमता, धैर्य हामी कमजोर भएर होइन । एमाले कानुनी शासनको सम्मान गर्ने भएकाले झण्डा जलाउने रास्वपाका कार्यकर्ताहरूलाई तत्काल पहिचान गरी कानुनी दायरामा लिई कारवाही गर्न सम्बन्धित निकायलाई ध्यानाकर्षण गराउन चाहन्छ । अतः सरकार भयरहित, निष्पक्ष र निर्भिक ढंगले मतदातालाई मतदान गर्ने अधिकारलाई सुरक्षित गर्न सकिरहेको छैन भन्ने हाम्रो तर्कलाई यस घट्नाले पुष्टि त गर्दैन ? भन्ने प्रश्न उब्जिएको छ ।

झण्डा जलाउने कार्यबाट निर्वाचन आचारसंहिताको गम्भीर उल्लंघन भएको छ । तसर्थ, निर्वाचन आयोगले सम्बन्धित दललाई तत्कालै प्रष्टीकरण लिई उनीहरूको जवाफ सार्वजनिक गर्न एमाले जोड्दार माग गर्दछ । यदि झण्डा जलाउने दल र त्यसका कार्यकर्ताहरू माथि कानुनी कारवाही नगरिए त्यसबाट उत्पन्न हुने जुनसुकै परिस्थिति र घट्नाको जिम्मेवार सरकार, निर्वाचन आयोग र झण्डा जलाउने दल रास्वपा हुने यसै विज्ञप्तिमार्फत जानकारी गराइन्छ ।

**मीनबहादुर शाही**
**प्रेस संयोजक, आम निर्वाचन २०८२**